## अनुसूची १

## कृषक समुहको विधान

### परिचय

नेपाल जस्तो विकासोन्मुख मुलुको लागि समुहको अवधारण अत्यन्त महत्वपूर्ण छ। त्यसमा पनि कृषि विकासको सन्दर्भमा समुहले अझै अहम् भुमिका खेल्दछ । कृषकै कृषकले भरिएको हाम्रो जस्तो देशमा सिमित जनशक्ति र श्रोत साधन बाट कृषक वर्ग बीच यथोचित सेवा पुर्याउन कठिन र बढी खर्चिलो पनि हुने हुँदा कृषक समुह सेवा प्रवाह गर्ने उपयुक्त माध्यम हुन सक्छ ।

यस सन्दर्भमा समुह गठन देखि लिएर सञ्चालन र परिपक्क अवस्था नपुगे सम्म अत्यन्त सावधानी लिनुपर्ने हुन्छ। अलिकती समय बढी नै लगाएर समुहले मुर्तरुप पाउनु पर्दछ । स्वतः स्फूर्त समुह मात्र दिगो र स्वावलम्बी हुन्छन् । समुह गठन भएपछि समुह भित्र योजना तर्जुमा कार्यान्वयन अनुगमन मुल्यांकनको साथै बैठक सञ्चालन जस्ता कार्यहरु सही अर्थमा सञ्चालन गर्नु पर्दछ । समूह भित्रको पारदर्शिता , प्रजातान्त्रिक अभ्यास र इमान्दारीताबाट समुह लक्ष्य र सुदृढ बन्ने कुरा निश्चित छ ।

### प्रस्तावना

कुषिजन्य वस्तुको उत्पादन , उत्पादकत्व बढाउन , उत्पादन सामाग्री सुलभ बनाउन , उत्पादित सामाग्रीको विक्री वितरण , भण्डारण व्यवस्थापन गरी उन्नत वीउ एवं आयवृद्धि , बचत संकलन बाट आत्मनिर्भर हुनको लागि कृषि विकास शाखा ……………………… नगर कार्यपालिकाको सहयोगमा श्री………………………… ………………………कृषक समुह गठन गर्यौं ।

### १. प्रारम्भिक

### १.१ संक्षिप्त नाम र प्रारम्भ :

क) यस बिधानको नाम **"**………………………………………**"**कृषक समूह बिधान २०७…. रहनेछ ।

ख) यो समूह **भंगहा** नगरपालिका कृषि बिकास शाखामा दर्ता भई बिधान प्रमाणित भएपछि तुरुन्त लागु हुनेछ।

### १.२ परिभाषा

**बिषय प्रसँगले अर्को अर्थ नलागेमा यो बिधानमा**

क) कृषक समूह भन्नाले "यस बिधानमा उल्लेखित" कृषि कार्यद्धारा कषि उपजको उत्पादन र उत्पादकत्व बढाई आयआर्जन गर्न कम्तिमा २०-२५जना ईच्छुक कृषकहरुको समुहलाई जनाउनेछ ।

ख) सदस्य भन्नाले कृषक जो "…………………………………………………… " कृषक समूहको उद्देश्य अनुसार उत्पादन र उत्पादकत्व बढाउन बिधानको दफा ३ बमोजिम सदस्यता लिएको कृषकलाई जनाउँदछ ।

ग) कार्य समिति भन्नाले "बिधान अनुसार निर्बाचित अध्यक्ष, उपाध्यक्ष, सचिब, सह-सचिब र कोषाध्यक्ष तथा सदस्य पदाधिकारीहरुलाई जनाउने छ ।

घ) साधारण सभा भन्नाले यस बिधानको दफा ४ बमोजिम गठित सभालाई जनाउने छ ।

### ३) समूहको छाप

गोलो घेरा भित्र यस समूहको नाम "**श्री**…………………………………………………**"**कृषक समुह २०७…" पढ्न सकिने छ ।

**१.४ समहूको कार्यालय :**

यस समुहको कार्यालय महात्तरी जिल्ला भंगहा  नगरपालिका वडा नं.........मा रहनेछ ।

**१.५ समुहको दर्ता :**

कृषक समुह सम्बन्धित **भंगहा** न.पा.को कृषि विकास शाखामा दर्ता गर्नुपर्नेछ ।सथै अनिवार्य रुपमा आन्तरिक राजश्व कार्यालयमा समेत दर्ता गरी स्थाई लेखा नं.(pan)लिनु पर्नेछ ।

## २.उद्देश्य र कार्य

### २.१ उद्देश्य

सदस्यहरुको सामाजिक , आर्थिक, कृषिजन्य व्यावसायिक हितलाई ध्यानमा राखी देहायमा उल्लेखित समूहको उद्देश्य हुनेछ ।

क) कृषि व्यावसायलाई आधुनिकीरण एवं विविधीकरण गरी उत्पादन र उत्पादकत्व वृद्धिका लागि एकजुट भई काम गर्ने ।

ख)  सदस्यहरको आर्थिक तथा सामाजिक जीवनस्तर उठाउने ।

ग) सदस्यहरुमा स्वावलम्बनको ज्ञान, पारस्परिक सहयोग र मितव्ययिताको भावना सिर्जना गर्ने । समूहको बिधानको दफा २.१ बमोजिमका उद्देश्यहरु प्राप्त गर्न यो समूहले देहाय बमोजिमका कार्यहरु गर्नेछन् ।

२.१.१ उन्नत प्रबिधिबाट खेती गरी उत्पादन र उत्पादकत्व बढाउने ।

२.१.२ बीजबृद्धि गरी आत्मनिर्भर हुने ।

२.१.३ उन्नत प्रबिधि अफ्नाउने ।

२.१.४ कृषि उत्पादनबाट आय बृद्धि गर्ने ।

२.१.५ समूहको सकृयतामा बजार व्यवस्थापन गर्ने ।

२.१.६ कृषकहरुद्धारा उत्पादित वस्तुको मूल्यमा एकरुपता ल्याउने ।

२.१.७ समूहको सकृयतामा भण्डारणको व्यवस्थापन गर्ने ।

२.१.८ कृषक सदस्यहरुको ज्ञान सिपमा बृद्धि गर्नका लागी अन्य कार्यक्रमहरु योजना तर्जुमा गरी संचालन गर्ने।

२.१.९ कृषक सदस्यहरुको आर्थिक अवस्था सुधार गर्न सक्ने किसिमका अन्य क्रियाकलाप सञ्चालन गर्ने ।

२.१.१० कृषक सदस्यहरु बीच स्वावलम्बन, पारस्परिक सहयोग एबं मितव्ययिताको अभिबृद्धि गरी नियमित बचत गर्ने बानी प्रबर्द्धन गर्ने ।

२.१.११ कृषक सदस्यहरमा उत्पादनशिल आयमुलक एबं सीपमुलक कार्य गर्नको लागि सदस्यहरुलाई सुलभ ब्याजदरमा ऋण प्रदान गर्ने ।

१.१२ आफ्नो उद्देश्य पूरा गर्नका लागि समान उद्देश्य भएका स्थानीय, क्षेत्रिय, राष्ट्रिय र अन्तराष्ट्रिय संघ/संस्थाहरुसंग सहयोगतात्मक भावना राख्ने ।

१.१३ कृषिसंग सम्बन्धित अन्य कृषक समूह, सहकारी, बित्तिय संघ/संस्था गैर सरकारी संस्थासंग सम्पर्क कायम गरी जानकारी एबं सूचना आदान प्रदान तथा सझेदारीमा कार्यक्रम संञ्चालन  गर्ने ।

१.१४ कृषिसंग सम्बन्धित कृषकहरुद्धारा उठाईएको समस्याहरु **भंगहा** नगरपालिका कृषि बिकास शाखा ,अनुसन्धान केन्द्र तथा अन्य निकायहरुलाई सूचना, सम्पर्कद्धारा जानकारी उपलब्ध गराई समाधान निकाल्ने प्रयास गर्ने ।

१.१५ उन्नत बीउ,रासायनिक मल,सुधारिएको औजार, रासायनिक बिषादी आदि बिक्री बितरण गर्ने

१.१६ सिंचाई सुबिधा उपलब्ध गराउने ।

१.१७ कृषि बिकास योजना तयार गर्न एबं पकेट प्याकेज कार्यक्रमलाई सहयोग पुऱ्याउने ।

१.१८ उन्नत माछापालन तथा भुरा उत्पादन गरी बिक्रि बितरण गर्ने ।

१.१९ नगदेबाली उत्पादन, भण्डारण,प्रशोधन तथा बिक्री बितरणको व्यवस्था गर्ने ।

१.२० उत्पादित माछाहरुको बिक्रीबितरणको लागि बजार व्यवस्थापन गर्ने ।

१.२१ मत्स्यपालन सम्बन्धि प्राबिधिक सेवा पुऱ्याउन सहयोग गर्ने ।

१.२२ कृषि उपज उचित मूल्यमा खरीद बिक्रि तथा ढुवानी गर्ने ।

१.२३ कृषि उपज प्रशोधन गर्ने ।

१.२४ प्रशोधित वस्तु उचित मूल्यमा बिक्री गर्ने ।

१.२५ बचत/हितकोष संकलन गर्ने ।

१.२६ संकलित बचत/हितकोषको प्रभाबकारी परिचालन गर्ने ।

१.२७ कृषक समूहका सदस्यहरुलाई आवश्यक ऋण उपलब्ध गराउने ।

१.२८ माथि उल्लेखित उद्देश्यहरु पूरा गर्न अन्य कार्यहरु गर्ने ।

## ३. सदस्यता

एकै उद्देश्य एवं समान आर्थिक अवस्था भएको तथा यस समूह बिधानको परिधिभित्र रहने ईच्छा व्यक्त गरेको व्यक्तिलाई यस समूहको सदस्यता प्रदान गर्न सकिनेछ । तर सदस्य हुन चाहने व्यक्तिले कम्तिमा समूहका सदस्यहरुको लिखित सिफारिस साथ अनुसूचि-४ अनुसार निर्धारित दरखास्त दिनुपर्नेछ ।

### ३.१ सदस्यको लागी योग्यता

क) आफैं खेतीपाती गर्न सक्षम भएको ।

ख) समूहको उद्देश्य अनुरुप कार्य गर्न ईच्छुक भएको ।

ग) समूहको बिधान अनुसार कार्य गर्न मञ्जुर भएको ।

घ) कृषक-कृषक बीच आपसी सहयोग बढाउन ईच्छुक भएको ।

ङ) सदस्यताको लागि **१८** उमेर पुगेको हुनुपर्नेछ ।

च) समुहमा १५ देखी २५ जना मात्र सदस्य

### ३.२ साधरण सदस्य :

सदस्यता शुल्क रु...........तिरी साधारण सदस्यताको निवेदन दिई कार्यसमितिको निर्णय बमोजिम साधारण सदस्यता प्राप्त गर्न सक्नेछ ।यस्ता सदस्यले मसिक बचत रु.......... प्रत्येक महिना जम्मा गर्नु पर्नेछ ।
समुह गठन भइसकेपछि कुनैपनि योग्यता पुगेको व्यक्तिले समुहक सदस्यता लिन चाहेमा समुहमा आवद्ध प्रति सदस्य बराबर उक्त मिति सम्म संचित हितकोष र सो को व्याज साथै नियमानुसारका अन्य शुल्का बुझाई सदस्यता प्राप्त गर्न सक्नेछ ।

**३.३ सदस्यता कायम नरहने अवस्था (सदस्यको अयोग्यता)**

कार्यसमितिले निम्न अवस्थामा सदस्यहरुलाई सदस्यताको लागि अयोग्य ठहराई सदस्यता समाप्त गर्न सक्नेछ ।

क) तोकिएको मासिक हितकोष तथा अन्य तिर्नुपर्ने रकमहरु ३ महिनासम्म नतिरेमा,

ख) बिधानको उद्देश्य बिपरित कार्य गरेमा वा समूहको रकम वा कागजातहरु हिनामिना गरेमा वा अन्य कुनै कारणले कार्यसमितिबाट निष्कासन गरेमा ,

ग) सदस्यताबाट राजिनामा दिएमा(सदस्य रहन नचाहेर लिखित निबेदन दिई कार्यसमितिले सदर सिफारिस गरेमा)

घ) अपराधिक कार्यमा संलग्न भएको दोष प्रमाणित भएमा ।

ङ ) कृषि पेशा त्यागी अन्य कार्य गर्न थालेमा ।

च) मृत्यु भएमा ।

छ) समूहको संचालन र प्रगतिमा हानी हुने कुनै किसिमको कार्यगरेमा वा समूहको रकम हिनामिना गरेमा

ज) समूहको सिद्धान्त वा नियम वा प्रतिष्ठामा आँच आउने कार्य गरेमा ।

## ४.साधारण सभा तथा कार्य समिति गठन

### ४.१ साधारण सभा

यस समुहको सदस्यता प्राप्त सम्पुर्ण सदस्य साधारण सभाको सदस्य हुनेछ जुन समुहको उच्चतम निकाय हुनेछ ।यसले विधान पारित एवं सशोधन गर्न सक्नेछ । साधारण सभा वर्षमा एक पटक बस्ने छ तर आवश्यकता अनुसार जुनसुकै वेला साधरण सभा वोलाउन सकिन्छ ।

### ४.२ साधरण सभाको अधिवेशन

कार्य समितिले तोकेको मिति र समयमा यस समूहको सचिबले अध्यक्षको परामर्श लिई लिखित सूचनाद्धारा सम्पूर्ण सदस्यलाई साधारण सभाको स्थान, समय, मिति तथा एजेण्डाको जानकारी गराउनु पर्ने छ ।

### ४.३ साधारण सभाको काम कर्तव्य र अधिकार

क) कार्य समितिको निर्बाचन कार्य तथा गठन गर्ने ।

ख) बिधान संशोधन गर्ने ।

ग) वार्षिक बजेटको अनुमोदन गर्ने ।

घ) आवश्यक निती निर्देशन तय गर्न कार्य समितिको मूल्याँकन गर्ने ।

ङ) समूहको बार्षिक कार्ययोजना बनाउने ।

च) समूहको बार्षिक कार्यक्रम स्वीकृत गर्ने ।

छ) कार्य समितिको साधारण सभाका सदस्यद्धारा प्रस्तावित कुनै पनि कार्यहरुको योजना माथि निर्णय दिने।

ज) समूहले कार्य योजना बनाउँदा ६० प्रतिशत कृषि कार्यक्रम बनाउने ।

### ४.४ साधारण सभाको कोरम

समूहको साधारण सभाको बैठकमा कम्तिमा पनि ५१ प्रतिशत सदस्यहरुको उपस्थितिमा हुनेछ । यदि सो नभए फेरी ३ दिन भित्र अर्को सभा बोलाउनु पर्नेछ । यसमा कूल साधारण सदस्यको २५प्रतिशत उपस्थिती भएमा पनि यो सभाको बैठक बस्नेछ ।

**४.५ कार्य समिति गठन विधि :**

क) कार्य समितिमा ७ देखि ९ जना सम्मको सदस्य रहनेछन् ।

ख) कार्य समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाअध्यक्ष तथा सदस्यहरु हुनेछन् ।

ग) कार्य समितिको पदाधिकारीको बैठक हरेक महिनाको ........गते/दिन हुनेछ । तर आवश्यकता भए जुनसुकै समयमा पनि बस्न सक्नेछ ।

घ) कार्य समितिको पदाधिकारीहरुको कार्य अवधि २.बर्षको हुनेछ ।

ङ) कार्य समितिको कुनै पद खाली भएमा साधारण सदस्य मध्येबाट कसैलाई पनि कार्य समितिको पदमा कार्य समितिको बहुमतबाट मनोनित गर्न सक्नेछ ।

च) कार्य समितिको गणपुरक संख्या दुई तिहाई लाई मानिनेछ साथै निर्णय बहुमतबाट हुनेछ ।

(कार्यसमितिमा प्रमुख कार्यकारिणी पद (अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाअध्यक्ष) मध्ये १ जना महिला र कम्तिमा ३३ प्रतिशत महिला सहभागीता हुनुर्पनेछ।)

छ) समुहको हित विपरित कार्य गरेमा जुनसुकै पदाधिकारीलइ दुई तिहाइले हटाउन सकनेछ ।

**४.६ कार्य समितिको काम, कर्तब्य र अधिकार**

**क)** बिधानको परिधि भित्र रही समूहको उद्देश्य अनुरुप साधारण सभाले गरेको निती निर्देशनलाई पालना गर्ने ।

ख) समूहको बार्षिक कार्यक्रम बनाउने तथा समूहको क्रियाकलापहरु संचालन गर्ने ।

ग) नगरपालिका, सरकारी तथा गैह्र-सरकारी संस्थाहरुसंग सम्पर्क गरी बढी भन्दा बढी सहयोग प्राप्त गर्ने ।

घ) सहकारीमा जान प्रयास गर्ने ।

ङ) समूहको कार्य योजना बनाई लागू गर्ने ।

च) समूहको बार्षिक प्रतिबेदन बनाउने ।

**४.७ समुहको बैठक**

समुहको नियमित बैठक प्रत्येक महिनाको ...... गते बस्नेछ । समुह बैठकहरु कार्यसमितिले निधो गरेको ठाँउ मिति र समयमा नियमित रुपमा बस्नेछ । पुर्ब र्निधारीत बैठकमा कुनै सदस्यले भाग लिन नसक्ने भयमा सोको जानकारी कारण सहित पहिले नै दिनु पर्छ । विशेष परिस्थिति बाहेक लगातार ३ बैठकहरुमा उपस्थित नहुने सदस्यलाई समुह सहमतिको आधारमा निष्कासित गरिनेछ ।

**५. पदाधिकारीको काम,कर्तव्य र अधिकार**

**५.१ <u>अध्यक्षको</u> काम,कर्तव्य र अधिकार**

क) साधारण सभा र कार्यसमितिको बैठकको अध्यक्षतामा गर्ने ।

ख) साधारण सभा तथा कार्य समिति समेतद्दारा पारित निर्णयहरुको पालना गर्ने गराउने ।

ग) समूहद्धारा संचालित सम्पूर्ण कार्यको रेखदेख गर्ने ।

घ) समूहको सम्पतिको सुरक्षा गराउने ।

ङ) निर्णयको क्रममा मत बराबरी भएको बेला आफ्नो मत दिने ।

च) समूहको उन्नति प्रगतिको लागि सक्षम तथा गतिशिल नेतृत्व प्रदान गर्ने ।

छ) सचिवलाई वैठक बसाउन निर्देशन दिने ।

ज) समूहको आवश्यकता अनुसार छलफल गरी बैठक राख्ने र बैठकको अध्यक्षता गर्ने ।

झ) समूहले गरेको निर्णयहरु कार्यान्वयन गर्ने गराउने ।

ञ) समूहको हितकोषको लागी बिभिन्न श्रोतहरुबाट सेवा उपलब्ध गर्न प्रयत्न गर्ने ।

ट) बिभिन्न सेवा प्रदायक संघ/संस्थाहरुसंग समन्वय गर्ने ।

ठ) समूहको गतिबिधीहरुलाई प्रभावकारी तुल्याउन योगदान गर्ने ।

ड) समूहमा आउने विवादस्पद कुराहरुलाई समूह भित्रैबाट सुल्झाउने ।

ढ) समूहको सर्वोपरी हितको लागी नेतृत्व गर्ने ।

ण) बैठकमा आम सहमतिबाट निर्णय गरी परिपाटी बसाल्ने ।

त) बैठकमा सदस्यहरुको भावना र बिचार समेट्ने ।

**५.२ उपाध्यक्षको काम,कर्तव्य र अधिकार**

क) अध्यक्षको सहायक भई कार्य गर्ने ।

ख) अध्यक्षको अनुपस्थितीमा अध्यक्षले गर्ने सबै कार्य गर्ने ।

**५.३ सचिबको काम,कर्तव्य र अधिकार**

क) अध्यक्षको सामान्य निर्देशनमा रही साधारण सभा तथा कार्य समितिको निर्णयलाई कार्यान्वयन गर्ने ।

ख) कार्य समितिको बैठक अध्यक्षको स्विकृति लिई बोलाउनु पर्नेछ ।

ग) बैठकमा अध्यक्षको परामर्शले कार्यसुची तयार गरी बैठकमा पेश गर्ने ।

घ) सामान्य कार्यालय संचालन र नियन्त्रण सचिवले गर्नेछ ।

ङ) समूहको सम्पुर्ण कागजात, माईनुटिङ किताबको संरक्षण गर्ने(दुरुस्त राख्ने)

च) बैठकमा प्रस्ताबहरु, सरसल्लाह छलफल भएको निर्णयहरु सबै कलम बन्द गर्ने ।

छ) सम्बन्धित निकायहरुसँग पत्राचार गर्ने, निर्णयको प्रतिलिपी मेलम्ची नगरपालिका कृषि बिकास शाखा लगायत सम्बन्धित निकायलाई ३ दिनभित्र पठाउने ।

ज) समुहको पत्राचार गर्ने कागजहरु तयार गरी अध्यक्षको दस्तखत गराई पठाउने ।

झ) समूहको नियमित प्रगति बिवरणहरु तयार गर्ने ।

ञ) समूहको बार्षिक कार्ययोजना तयार गरी सम्बन्धित ठाउँमा पठाउने ।

ट) समूहले निर्णय गरेपछि अन्तमा निर्णय पढेर सुनाउने ।

**५.४ कोषाध्यक्षको काम,कर्तव्य र अधिकार**

क) समूहको हितकोष(बचत)को पूर्ण जिम्मेवारी हुनेछ ।

ख) चाहिएको समयमा हितकोष रकम समूहलाई उपलब्ध गराउनु पर्नेछ ।

ग) समूहको आम्दानी खर्चको सम्पूर्ण सही हरहिसाब राख्नुपर्नेछ ।

घ) साधारण सभामा समूहको बित्तिय(आर्थिक) प्रतिबेदन पेश गर्ने तथा आर्थिक योजना प्रस्तुत गर्ने ।

ङ) अध्यक्षको स्वीकृतिमा रु ........................................./-सम्म खर्च गर्न सक्ने छ तर अर्को कार्य समितिको बैठकमा सो को बील भरपाई पेश गर्ने ।

च) समूहको कोष बढाउन सकृय हुनुपर्ने ।

छ) समूहको आम्दानी तथा खर्चको लेखा परिक्षण गराउने जिम्मेवारी कोषाध्यक्षको हुनेछ ।

ज) समूहको नियमित मासिक हितकोष संकलन गर्ने ।

झ) समूहको कोषबृद्धि गर्ने योजनाहरु तयार गरी बैठकमा राख्ने ।

ञ) बैठकमा बेलाबखतमा समुहको आय व्याय हिसाब सदस्यहरुलाई सुनाउने ।

ट) समूहको कार्यमा भएका खर्चहरु अध्यक्षबाट प्रमाणित गराई फाईलमा राख्ने ।

**५.५ कार्यसमिति सदस्यहरुको काम,कर्तव्य र अधिकार**

**क) आवश्यता  अनुसार समुहका अन्य उप समितिमा रही जिम्मेवारी वहन गर्ने ।**

**ख) कार्य समितिले तोकेको अन्य कार्य गर्ने**

**६. आर्थिक व्यवस्था**

**६.१आर्थिक श्रोत**

क) यस समूहको सदस्यहरुबाट प्राप्त सदस्यता शुल्क

ख) समूहको अन्य कृयाकलापबाट भएको आम्दानी

ग) कुनै पनि राष्ट्रिय/अन्तर्राष्ट्रिय संघ/संस्था वा व्यक्तिबाट प्राप्त चल अचल सम्पति ।

घ) समूहको सदस्यले जम्मा गर्ने हितकोष(बचत) रकम

ङ) समूहबाट ऋण लगानी गर्दा प्राप्त व्याज

च) समूहले अन्य संघ/संस्थाबाट पाएको अवसरबाट समूह सदस्यले पाउने निश्चित पारिश्रमिकबाट रु.................प्रतिशत लेबी

ज) समूह सदस्यले आफ्नो नामबाट गरेको हितकोष

**६.२ हितकोष**

क) .................................................................कृषक समूहको एक हितकोष हुनेछ ।

ख) कुनै........ .........................बैंकमा समूहको खाता रहनेछ ।

**६.३ हितकोष परिचालन**

क) समूह सदस्यलाई आवश्यकता भएमा हितकोषबाट ऋण/सापटी लिन  सकिन्छ ।

ख) सदस्यले ऋण माग गर्न निबेदन दिनु पर्नेछ । (अनुसुची-५)

ग) कृषि कार्यको लागि लिईएको ऋणमा रु..........% ब्याज लाग्नेछ ।

घ) अन्य ऋणमा ............% प्रतिशत मासिक ब्याज लाग्नेछ ।

ङ) मासिक ब्याज, मासिक हितकोष रकम एवं ऋणी सदस्यले तोकेको ऋण किस्ता प्रत्येक महिना बुझाउनु पर्नेछ।

च) ऋण लिंदा ऋण रकमका - प्रतिशत सेवा शुल्क बुझाउनु पर्नेछ ।

छ) कुनै.बैंकमा समुह अगुवा र सचिब वा कोषाध्यक्षको संयूक्त दस्तखतबाट खाता संचालन हुनेछ ।

ज)ऋण दिदा समुहको निर्णय अनुसार आवश्यक संख्यामा जमानि राखी दिनुपर्ने छ।

झ)बिचमा सदस्यता छाडेमा समुहको निणर्य अनुसार रकम कट्टा गरी बचत फिर्ता दिन सक्नेछ।

ञ) हितकाष रकमको कम्तिमा ५०% कृषि कार्यमा सञ्चालन गर्नु पर्नेछ ।

श्रोत/हितकोष परिचालनका उपायहरु २ भागमा बाडिएको छ

क) आबश्यक खर्च : कार्यालय र प्रशासनिक भन्ने जनाउछ

- ❖ कार्यालय खर्च (कपी,कलम,बिल,भौचर,फाइल आदि)
- ❖ फर्निचर खर्च
- ❖ ढुवानि तथा घरभाडा
- ❖ अन्य संस्थासँग सदस्यता लिदा तिर्नुपर्ने खर्च र वार्षिक नविकर खर्च
- ❖ लेखा परिक्षन खर्च
- ❖ कर्मचारी पारिश्रमिक खर्च
- ❖ साधारण सभा खर्च
- ❖ विविध (बैठकमा चिया नास्ता आदि)

ख) आन्तरिक लगानि :समुह भित्रको सदस्य विचको लगानि भन्ने जनाउछ ।जस्तै :

- ❖ उत्पादनमुलक कार्य(उत्पादन तथा उत्पादन मुलक सामाग्री खरिद बिक्री)
- ❖ मल,विउ,वालि संरक्षण,तरकारी,बोट विरुवा किन्न र प्रयोग गर्न
- ❖ आयमुलक कार्य गर्न ।
- ❖ घरेलु आयमुलक कार्य गर्न ।
- ❖ सामाजिक कार्य जस्तै सफाई अभियान....
- ❖ सिप विकास
- ❖ सामाजिक कार्य

**६.४ विलम्ब शुल्क**

क) मासिक बचत रकम ताकिएको समयमा नतिरेमा पहिलो महिना प्रति दिन रु...... विलम्ब शुल्क लाग्नेछ ।

ख) दास्रो महिना प्रति दिन रु...... विलम्ब शुल्क लाग्नेछ ।

ग) तेस्रो महिना प्रति दिन रु...... विलम्ब शुल्क लाग्नेछ ।

घ) चौथो महिना बाट सदस्यता खारेज हुनेछ

ङ) प्रतेक महिना बुझाउने ऋृण किस्ता र ब्याज नबुझायमा प्रति महिना रु...... प्रति दिन दास्रो महिना रु .....प्रति दिन र तेस्रो दिन रु...... प्रति दिन विलम्ब शुल्क लाग्नेछ । चौथो महिना ऋृण रकम व्याजहरु ऋृणी र जमानी सदस्यहरुबाट असुल उपर गरिने छ ।

च).......................................

**६.५ लगानिको सुरक्षा :**

कुनैपनि व्यक्तिले आफ्नो नाममा जम्मा भएको हितकोषको अधिकतक ९०% सम्म मात्र ऋृण लिन पाउनेछ । यदि व्यक्तिको नाममा संकलित हितकोषको ९०% भन्दा बढि ऋृण लिनुपर्ने भएमा सोहि समुहका अन्य २ जना सदस्यमको सामुहिक जमानीमा ऋृण दिन सकिनेछ ।ऋृण लिने व्यक्तिले रकम समयमा तिर्न नसकेमा जमानिबाट असुल उपर गरिनेछ । यदि सो बाट पनि  असुल उपर हन नसकेमा नियम कानुन अनुसार कारवही अघि बढाइनेछ ।

**६.६ लेखा परिक्षण**

एक बर्षमा एकपटक लेखापरिक्षण गराउनुपर्दछ । आय व्ययको जाँच कोषाध्यक्षले गराउनुपर्नेछ र सो को प्रतिलिपी साधारण सभामा पेश गर्नुपर्नेछ । आर्थिक बर्ष श्रावण मसान्तदेखि आषाढ मसान्तसम्मको हुनेछ । मुनाफा सम्पूर्ण सदस्यलाई प्रत्येक बर्षको लेखा परिक्षणपछि निजहरुको हिसाब खातामा जम्मा गरिनेछ ।

**७ विविध**

**७.१निर्वाचन सम्बन्धी व्यवस्था**

यस समूहको कार्य समिति कायम रहेको अवस्थामा सोही कार्य समितिले निर्बाचन अधिकृत नियुक्त गर्ने छ । सो निर्वाचन अधिकृतले निर्वाचन अधिकृतमा नियूक्त भएको मितिले एक महिना भित्र निर्वाचन गराई सक्नु पर्नेछ । सो निर्वाचनमा पर्ने खर्च कार्य समितिले व्यवस्था गर्नेछ । यसमा कार्य समितिको पदाधिकारीहरुलाई मतदान वा सहमतिद्दारा साधारण सभाको सदस्यहरुले छान्ने छन् ।

७.२ **पदावधि**

क) कार्य समिति सदस्य तथा पदाधिकारीहरुको पदावधि निर्वाचन भएको मितिदेखि २बर्षको हुनेछ ।

ख) सो गठित कार्य समितिको पदावधि समाप्त हुन **१** महिना अगाबै समूहको साधारण सभा बोलाई नयाँ कार्य समितिको चुनाव गराउन अनिबार्य हुनेछ ।

ग) कार्यरत रहेको निर्वाचन कार्य समितिको कार्य अवधि समाप्त(वा शुरु)हुनासाथ सो कार्य समितिसंग भएको मानिनेछ ।

घ) कार्य समितिले बिधानमा उल्लेखित आफ्नो कार्यकाल समाप्त हुन महिना अगावै निर्वाचन गराउन नसकेको तथा निजको कार्यअवधि समाप्त भएपछि सो कार्य समितिले आफ्नो समितिको बैठक बोलाई एउटा तदर्थ(प्रबन्ध वा तयारी) समिति खडा गरी सो तदर्थ समितिद्वारा साधारण सभाको बैठक बोलाई नयाँ कार्य समितिले गठन गर्नेछ ।

ङ) कार्य समितिको पदावधि समाप्त हुनु अगावै कार्यरत कार्य समिति कुनै किसिमबाट भंग हुन गएमा भंग भएको कार्य समितिले आफ्नो जिम्मा रहेको कागजपत्र जिन्सी कार्यभार समेत सम्पूर्ण सदस्यको सभा बोलाई अथवा कार्यालय सचिव बोलाई अथवा कार्यालय सचिव भए सो लाई बुझाई सो को भरपाई लिनु पर्नेछ । सो नगरेमा यस समुहलाई हानी नोक्सानी भएमा सो कार्य समितिका अध्यक्ष र सचिव दुबैले संयुक्त रुपमा क्षतिपूर्ति व्यहोर्नु पर्नेछ ।

**७.३ उम्मेदवारको अयोग्यता**

क) जो कृषि पेशामा संलग्न छैन ।

ख) जो कृषिको समुहमा छैन ।

ग) जस्ले समुहको उद्देश्य विपरित कार्य गर्छ ।

घ) जसको मनसिक अवस्था सामन्य छैन ।

ङ) फौजदारी अभियोगमा सजाय पाएको व्यक्ति ।

**७.४ अबिश्वासको प्रस्ताव**

साधारण सभाको सदस्यहरु मध्येबाट एकतिहाई सदस्यहरुले कार्यसमिति उपर अविश्वासको प्रस्ताव ल्याई एक वा दुई तिहाई सदस्यहरुबाट सो प्रस्ताव पारित भएमा कार्य समिति बिघटन हुनेछ । तर अविश्वासको प्रस्ताव आएमा सफाईको मौकाबाट बञ्चित गरिने छैन ।

**७.५ राजिनामा :**

यस समूहको अध्यक्षले उपाध्यक्ष समक्ष वा सचिव समक्ष र अध्यक्ष बाहेक अन्य कार्य समितिका पदाधिकारीहरु तथा सदस्यको राजीनामाको हकमा अध्यक्ष समक्ष राजिनामा दिनेछन् र कार्य समितिको बैठकबाट स्वीकृत नभएसम्म तिनीहरु आफ्ना पदमा रही रहनेछन् ।

**७.६ बिधान संसोधन**

समुहको बिधान संसोधन गर्नु आवश्यकता पर्ने भएमा साधारण सभाको सदस्यहरु मध्येका कम्तिमा ५१ प्रतिशत सदस्यको उपस्थितिमा बिधान मस्यौदा पेश गरिनेछ । उपस्थित सदस्यहरु मध्येका दुईतिहाई बहुमतबाट बिधान संशोधन मस्यौदा पारित भएमा बिधान संशोधन गरिने छ ।

**७.७ नियम बनाउने**

साधारण सभाले आन्तरिक संचालन नियमहरु बनाउन सक्नेछ ।

**७.८ उप-समितिहरु गठन गर्न सक्नेछ**

साधारण सभाले एवं कार्यसमितिले साधारण सभाको स्वीकृत लिई आफ्ना कार्यक्रमहरु संचालन गरी समूहको लक्ष्य र उद्देश्य प्राप्ति गर्न उप-समितिहरु बनाउन सक्नेछ ।

**७.९समूहको बिघटन**

क) समूहको बिधान बमोजिम कार्य संचालन गर्न नसकी वा उद्देश्य प्राप्त गर्न असफल भए समुहको५१ प्रतिशतले निणर्य गरेमा समूहको बिघटन हुनेछ । यसरी समूह बिघटन भए हितकोष सम्पूर्ण सदस्यलाई फिर्ता गर्नुपर्नेछ ।

**७.१० समुह छोड्नु पर्ने अवस्था/सदस्यको मृत्यू/सदस्यले पायको अवसर**

कुनैपनि सदस्यले समुह छोड्न चाहेको खण्डामा नजिकको नाममा संकलन भएको हितकेष रकम बाट ३% कट्टागरि बाकी रकम भुक्तानी दिइने छ । यदि कुनै सदस्यको मृत्यु भएमा निजले बचत गरेको सर्म्पुण रकम निजको सबभन्दा नजिकको व्यक्तिलाई व्याज सहित फिर्ता गरिनेछ ।समुहमा कुनै संघ/संस्था कार्यालयहरुबाट पाएको कुनैपनि सुविधा पालो गरि सवै सदस्यले पाउने गरि वितरण वरिने छ ।

**७.११ समुहको चल अचल सम्पत्ति :**

समुह विघटन भए पश्चात समुहको चल अचल सम्पत्ति स्थानिय निकायको कृषि विकास शाखा शाखा को निर्णय बमोजिम हुने छ ।सो निर्णय चित्त नबुझको खण्डमा सम्बन्धित स्थानिय तहको  उप-मेयर समक्ष निवेदन गर्न सकिन्छ सो सम्बन्धकम उप-मेयर निर्णय नै अन्तिम हुनेछ ।

*२७.बिधान बिपरित नहुने : यस बिधानमा उल्लेख नभएका अन्य व्यहोराको हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ*

*२८. समूहको नविकरण: प्रत्येक दुई बर्षमा कृषि विकास शाखामा नविकरण गराउनुपर्नेछ*

**फाराम नं. १**

**कृषक समुह दर्ता फाराम**

| |
|---|
| जिल्ला :-<br>१. दर्ता नं. :-<br>२. समुहको नाम :-<br>३. समुहको किसि :-<br>४. समुहको ठेगाना :-<br>५. गठन मिति :-<br>६. जम्मा सदस्य :- …………महिला ………….पुरुष…………… <br>गठन हुँदा समुहको उद्देश्य :- |

**फाराम नं. २**

**आर्थिक वर्षको अन्तमा सदस्य संख्याको स्थिति**

| आर्थिक वर्ष | सदस्य संख्यामा थप/ घट र जम्मा बचत कोष | सदस्यद्धारा जम्मा चएको कोषको मौजुदा स्थिति | घट/बढको कारण(कोलम २मा बढीको लागि+घटीको लागि - चिन्ह लगाऔं |
|---|---|---|---|
| | संख्या | | |
| | रु. | | |
| | संख्या | | |
| | रु. | | |
| | संख्या | | |
| | रु. | | |

**फाराम नं. ३**

**समुहको बचत कोषको वार्षिक स्थिति**

| आर्थिक वर्ष | गत वर्षको रकम रु. | बचत कोषमा घट/बढको कारण |
|---|---|---|
| | | |
| | | |
| | | |
| नोट : यो विवरण(फाराम) आ.व.को पहिलो दिन(श्रावण १ गते)सम्बन्धित कृषि शाखा/इकाईद्धारा अनिवार्य रुपमा अद्यावधिक बनाई राख्नुपर्छ । | | |

**फाराम नं. ४**

**वडा कार्यालय/सेवा केन्द्रले पेश गर्नुपर्ने चौमासिक विवरण**

चौमसिक अवधि :-प्रथम/द्धितीय/तृतिय

न.पा. :-...................................वडा नं.......................................

कृषक समूहको नाम :-

उत्पादन क) इकाई :- ख) जम्मा लागत रु.....

उत्पादकत्व (उत्पादन/क्षेत्रफल) :-

उत्पादनको विक्री मूल्य (रु. इकाई)

उत्पादनका कुल मुल्य रु......

कार्य विवरण :-

सहभागी सदस्यहरुको संख्या :-

प्राप्त सहायता रु...

श्रोत १ (.....................)बाट :- श्रोत २ (.....................)बाट :-

क्षेत्रफल वा संख्या र इकाई :-

खुद आम्दानी (कुल आम्दानी-लागत खर्च) रु.:-

**कैफियत**

## कृषक समुहको सदस्यहरुको नामावली :

| क्र.स | सदस्यहरुको नाम | ठेगाना | पद | उमेर | शैक्षिक योग्यत | जग्गा विवरण(रोपनी) | सर्म्पक नम्बर |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| ८ | | | | | | | |
| ९ | | | | | | | |
| १० | | | | | | | |
| ११ | | | | | | | |
| १२ | | | | | | | |
| १३ | | | | | | | |
| १४ | | | | | | | |
| १५ | | | | | | | |
| १६ | | | | | | | |
| १७ | | | | | | | |
| १८ | | | | | | | |
| १९ | | | | | | | |
| २० | | | | | | | |
| २१ | | | | | | | |
| २२ | | | | | | | |
| २३ | | | | | | | |
| २४ | | | | | | | |
| २५ | | | | | | | |

# अनुसूचि-२

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
भंगहा नगरपालिका भंगहा,महोत्तरी मिति : २०७..../..../.....

विषय :- **समूह दर्ता गरी पाउँ ।**

महोदय,

हामी निम्न लिखित व्यक्तिहरु निम्न लिखित व्यहोरा खोली देहायको समूह दर्ता गरी पाउन निवेदन गर्दछौ । प्रस्तावित समूहको उद्देश्य अनुरुप समूहले तत्कालै गर्ने कार्य सम्बन्धी योजना र प्रस्तावित समूहको विनियमको २ प्रति तथा निर्दिष्ट अन्य आवश्यक प्रमाणित कागजातहरु यसैसाथ संलग्न राखी पेश गरेका छौं ।

**१) समूह सम्बन्धी विवरण :**

क) प्रस्तावित समूहको नाम :- श्री .................................................कृषक **समूह**

ख) कार्यालय रहने ठेगाना :- ..........................................

ग)उद्देश्य : ....................................................................

घ) मूख्य कार्य : .......................................................................।

ङ) कार्यक्षेत्र :- महोत्तरी जिल्ला **भंगहा** नगरपालिका वडा नं ............ भरी मात्र ।

ज) प्रबेश शुल्क : रु. ......./- प्रति व्यक्ति ।

झ) मासिक बचत रु :-...........

लैगिक तथा जातियगत सहभागिता

| **लैगिक सहभागिता** | | | **जातियगत विवरण** | | | |
|---|---|---|---|---|---|---|
| **महिला** | **पुरुष** | **जम्मा** | **आदिबासी जनजाति** | **दलित** | **अन्य** | **जम्मा** |
| | | | | | | |

**निवेदक**

दस्तखत :

नाम:-श्री .................................

पद :- ...............................

ठेगाना :-...........................

फोन नम्बर :-...........................

समुहको छाप :-...........................

# अनुसूचि-७

समुहमा सदस्य रहेको सबै सदस्यहरुको विवरण सम्बम्धित सदस्यलाई नै सोधेर लेख्नु पर्दछ । विवरण हेरफेर भएपछि पुनः तयार गरि नियमित रुपले सच्याउनु पर्दछ ।

**समुहको नाम :** **ठेगाना :–**

| क्र. सं. | सदस्यको नाम | ठेगाना | वडा नं. | उमेर | शिक्षा | जमिनको क्षेत्रफल | परिवारको संख्या | फोटो | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |